फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- १५९

मितिः २०७७/०८/१४

विषयः जानकारी सम्बन्धमा ।

श्री गाउँपालिका/नगरपालिका,
(सबै) ।

प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालयको वातावरण तथा जैविक विविधता महाशाखाको च.नं. ३५४ मिति २०७७/०८/०९ को पत्र साथ प्राप्त वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयनको प्रक्रिया सरलीकरण सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७७/०३/१४ को निर्णय तथा मिति २०७७/०८/०४ को थप निर्णय यसै साथ संलग्न गरी जानकारीका लागि अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## वातावरण तथा जैविक विविधता महाशाखा

EX: पो॰ ब॰ नं॰ ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या : वा.प्र.अ.शा.-१२५-२०७७/०७८
चलानी नं॰ ३४४
प्राप्त पत्र संख्या र मिति :

मिति: २०७७/०८/०९

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७७/०३/१४ को निर्णय अनुसार वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयनको प्रक्रिया सरलीकरण सम्बन्धमा भएको निर्णय यस मन्त्रालयको मिति २०७७/०३/१५, च. नं. १०७६ को पत्र प्राप्त गर्नु भएकै छ । सो सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७७/०८/०४ को निर्णय अनुसार वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयनको प्रक्रिया सरलीकरण सम्बन्धमा भएको थप निर्णयहरु कार्यान्वयनका लागि यसै साथ संलग्न राखी पठाईएको व्यहोरा निर्णय अनुसार अनुरोध गर्दछु ।

. . . . . . . . . . . .
सुभाष कुमार शर्मा
सहायक वन अधिकृत

**वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयनको प्रक्रिया सरलीकरण सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७७/०३/१४ मा भएको निर्णयमा भएको थप निर्णय**

१. वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को प्रावधान अनुसार वातावरणीय प्रभाव मुल्याङ्कनका लागि तयार भएका क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूचीहरु वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ हुनु पूर्व सम्बन्धित निकायमा पेश भई कारबाहीमा रहेकाको हकमा उक्त क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीहरु प्रस्तावसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय वा निकायको प्रमुख वा सचिवस्तरको निर्णय र सिफारिस सहित यस मन्त्रालयमा प्राप्त हुन आएमा प्रतिवेदनमा उल्लेख भएको भाषामा स्वीकृति सम्बन्धी कारबाही गर्न सकिनेछ । यसरी स्वीकृत भएको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीहरुको आधारमा तयार गरिने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (७) अनुसार नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

२. वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को प्रावधान अनुसार वातावरणीय प्रभाव मूल्यांङ्कनको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत भएको तर वातावरण संरक्षण नियमावली, २०७७ को प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परिक्षण वा संक्षीप्त वातावरणीय अध्ययन गर्नु पर्ने आयोजना प्रस्तावको हकमा देहाय बमोजिम गर्न सकीनेछ ।

(क) वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ हुनु पूर्व सो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांङ्कन प्रतिवेदन तयार भइ यस मन्त्रालय वा प्रस्तावसंग सम्बन्धित मन्त्रालयमा प्राप्त भएका वातावरणीय प्रभाव मूल्यांङ्कन प्रतिवेदनहरुलाई प्रस्तावकले लिखित रुपमा अनुरोध गरी वातावरणीय प्रभाव मूल्यांङ्कन प्रतिवेदन स्वीकृत गर्न मञ्जुरीनामा पेश गरेमा प्रतिवेदनमा उल्लेख भएको भाषामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउने ।

(ख) वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ भए पछी प्रस्तावसंग सम्बन्धित मन्त्रालयमा प्राप्त भएका वातावरणीय प्रभाव मूल्यांङ्कन प्रतिवेदनहरुलाई प्रस्तावकले लिखित रुपमा अनुरोध गरी स्वीकृत गर्न मञ्जुरीनामा पेश गरेमा सो वातावरणीय प्रभाव मूल्यांङ्कन प्रतिवेदनलाई वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा भएका प्रावधानहरु अनुसार स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउने ।

३. वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची सम्बन्धित निकायद्वारा स्वीकृत भएको तर वातावरण संरक्षण नियमावली, २०७७ को प्रावधान अनुसार संक्षीप्त वातावरणीय अध्ययन गर्नु पर्ने आयोजना प्रस्तावको हकमा देहाय बमोजिम गर्न सकीनेछ ।

(क) वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ हुनु पूर्व आयोजना प्रस्तावको प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन तयार भइ प्रस्तावसंग सम्बन्धित मन्त्रालयमा प्राप्त भएका प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनहरुलाई प्रस्तावकले लिखित रुपमा अनुरोध गरी प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्न मञ्जुरीनामा पेश गरेमा प्रतिवेदनमा उल्लेख भएको भाषामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ भएपछि प्रस्तावसँग सम्बन्धित मन्त्रालयमा प्राप्त भएका प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनहरूलाई प्रस्तावकले लिखित रुपमा अनुरोध गरी स्वीकृत गर्न मञ्जुरीनामा पेश गरेमा सो प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनलाई वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा भएका प्रावधानहरु अनुसार स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ भएपछि प्रस्तावसँग सम्बन्धित मन्त्रालयमा प्राप्त भएका प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनहरूलाई प्रस्तावकले लिखित रुपमा अनुरोध गरी स्वीकृत गर्न मञ्जुरीनामा पेश गरेमा सो प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनलाई वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा भएका प्रावधानहरु अनुसार स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउने ।

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को कार्यान्वयनको प्रक्रिया सरलीकरण सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) बाट भएको निर्णय

१. मिति २०७६ कार्तिक १ गते भन्दा अगाडि वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ मा भएका प्रावधान अनुसार सम्बन्धित निकायमा पेश भएका र वातावरण संरक्षण नियमावली, २०७७ जारी हुनु पूर्व यस मन्त्रालयमा प्राप्त भएका वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रयोजनको लागि तयार पारिएको क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदनहरुलाई प्रस्तावकले पेश गरेको भाषा कायम गरी वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा भएका प्रावधानहरु अनुसार स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउन सकिनेछ ।

२. वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को प्रावधान अनुसार स्वीकृत भएका क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूचीको आधारमा तयार भई वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ हुनु पूर्व सम्बन्धित निकायमा कारबाहीमा रहेका वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरु प्रस्तावसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय वा निकायको प्रमुख वा सचिवस्तरको निर्णय र सिफारिस सहित यस मन्त्रालयमा प्राप्त हुन आएमा प्रतिवेदनमा उल्लेख भएको भाषामा स्वीकृति सम्बन्धी कारबाही गर्न सकिनेछ ।

३. वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ सँग सम्बन्धित अनुसूची-१ तथा अनुसूची-२ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि पेश भएका क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदनहरु हाल कार्यान्वयनमा रहेको वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची-१, अनुसूची-२ वा अनुसूची-३ माउल्लेख भएका आयोजना प्रस्तावमा नपरेका आयोजना प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको बाँकी प्रकृया अगाडि बढाई रहनु नपर्ने हुँदा प्राप्त प्रतिवेदन सम्बन्धित निकाय वा प्रस्तावकलाई फिर्ता गर्नु पर्नेछ।

४. प्रस्तावसंग सम्बन्धित नेपाल सरकारको मन्त्रालय वा निकायले वातावरण संरक्षण ऐन, २०७६ प्रारम्भ भए पश्चात उक्त ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित आयोजना प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदनहरु उक्तखण्ड (क) सँग सम्बन्धित रहेको व्यहोरा स्पष्ट खुलाई सिफारिस सहित यस मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ भए पश्चात वातावरणीय अध्ययनसंग सम्बन्धित प्रतिवेदनहरु उक्त ऐन तथा नियमावलीमा भएका प्रावाधानहरु अनुरुप तयार गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (२) को (क) वा (ख) वा (ग) ले तोकेको निकाय समक्ष वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (७) अनुसार नेपाली भाषामा तयार पारी पेश गर्नु पर्नेछ तर वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ हुनु पूर्व प्रकाशन भएका वातावरण अध्ययन प्रतिवेदनसँग सम्वन्धित सूचनाहरुको हकमा प्रस्तावकले पुनः सूचना प्रकाशन गर्नु पर्ने छैन ।

६. वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची-१ मा परेका आयोजना प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कारवाहीमा रहेका आयोजनाहरुको हाल कार्यान्वयनमा रहेको वातावरण संरक्षण नियमावली, २०७७ को प्रावधान अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भएमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (३) बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

७. वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची-२ मा उल्लेख भएको आयोजना प्रस्ताव अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्ने तर हाल कार्यान्वयनमा रहेको वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची -१ वा अनुसूची -२ मा उल्लेख भएको आयोजना प्रस्ताव अनुसार संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने आयोजना प्रस्तावकहरुको प्रतिवेदनको सम्वन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत हुन बाँकी रहेको आयोजना प्रस्तावहरुको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची-१ वा अनुसूची-२ अनुसार सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्वन्धी आवश्यक कारवाही गर्न/गराउन प्रस्तावसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय वा निकायमा फिर्ता गर्नु पर्नेछ ।

(ख) क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत भई वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मन्त्रालयमा पेश हुन बाँकी रहेका आयोजना प्रस्तावहरुको स्वीकृत कार्यसूचीको आधारमा प्रस्तावसँग सम्वन्धित नेपाल सरकारको मन्त्रालय वा निकायले संक्षिप्त

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने प्रकृया अगाडि बढाउन सकिनेछ ।

(ग) क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत भई वातावरण संरक्षण नियमावली, २०७७ प्रारम्भ हुनु पूर्व यस मन्त्रालयमा प्राप्त भएका वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरुलाई प्रस्तावकले लिखित रुपमा अनुरोध गरी मञ्जुरीनामा पेश गरेमा प्रतिवेदनमा उल्लेख भएको भाषामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउन सकिनेछ ।